नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय ☏ ०२५५६०१३६
भूमि व्यवस्थापन तथा अभिलेख विभाग ☏ ०२५५६०१६८

# भूमिसुधार तथा मालपोत कार्यालय, सुनसरी

प.सं. :-०७९/०८०

च.नं.:- ४७१३

मिति :- २०७९।०८।१८

विषयः सूचना टाँस गरी जानकारी दिनु हुन ।

श्री जिल्ला अदालत सुनसरी
श्री जिल्ला प्रशासन कार्यालय सुनसरी
श्री नापी कार्यालय इनरुवा सुनसरी
श्री इटहरी उप.माहानगरपालिका
श्री इनरुवा नगरपालिका
श्री दुहवी नगरपालिका
श्री वराहक्षेत्र नगरपालिका
श्री रामधुनी नगरपालिका
श्री बर्जु गाउँपालिका
श्री देवानगंज गाँउपालिका
श्री गढी गाँउपालिका
भोक्रहा नरसिंह गाँउपालिका
श्री कोशी गाँउपालिका
श्री हरिनगर गाँउपालिका
श्री नेपाल लेखापढी कानून व्यवसायी संघ जिल्ला ईकाइ कार्यालय सुनसरी

उपरोक्त विषयमा यसै पत्र साथ भू-सेवा सञ्चालन सम्वन्धी सुचना पठाइएको छ टाँस गरी सो को जानकारी दिनु हुन सादर अनुरोध छ ।

.....................
मालपोत अधिकृत
मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय, सुनसरी
इनरुवा
☏ ०२५५६५१३६

प.सं.:-०७९/८०
च.नं. ४७१३

मिति:-२०७९/०८/१८

**बिषयः भू-सेवा केन्द्र संञ्चालन सम्बन्धी सूचना ।**

उपरोक्त बिषय सम्बन्धमा भूमि व्यवस्थापन तथा अभिलेख विभागको चं नं १२०० मिति २०७९।०८।१२ को प्राप्त परिपत्र बमोजिम भू-सेवा केन्द्र संचालनका लागि भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ संशोधन सहित को दफा (६) र (७) बमोजिमको योग्यता र पूर्वाधार पूरा भएका इच्छुक व्यक्ति,संघ,संस्था र स्थानिय तहले अनुमती लिनका लागि मिती २०७९।८।१८ देखि २०७९।९।१८ गते भित्र Public Access Module (https://public.dolma.gov.np) मार्फत अनलाइन निवेदन पेश गरी सो संग सम्बन्धित सक्कल कागजात निवेदन पेश गरेको ७ दिन भित्र अनुसुचि (१) बमोजिमको निवेदन सहित यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भू-सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपसिल अनुसारको हुने छ ।**

| व्यक्तिको हकमा | रजिष्टर्डको संघ।संस्थाको हकमा | स्थानीय तहको हकमा | कानुन व्यसायी वा लेखापढी व्यवसाय गर्ने को हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| **क**:नेपाली नागरीकता<br>**ख**:अठार बर्ष उमेर पुरा भएको ।<br>**ग**: कम्प्युटर बिषय लिई कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य बिषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरको।<br>**घ**: प्रचलित कानून बमोजिम स्थायी लेखा नं लिएको ।<br>**ङ**: भू-सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको ।<br>**च**: नैतिक पतन देखिने फौजदारी कसुर देखिने वा अन्य लिखत सम्बन्धि कुनै कसुरमा अदालतबाट दोषी | **क**: प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको ।<br>**ख**: संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई अठार बर्ष पूरा भएको ।<br>**ग**: संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर बिषय लिई कम्तिमा प्रविणता प्रमाण पत्र तह या सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>**घ** संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको हुनु पर्ने ।<br>**ङ** कर चुक्ताको प्रमाण पत्र भएको हुनु पर्ने ।<br>**च दफा ७** बमोजिमको भौतिक पूर्वाधार भएको | **क**: सेवा केन्द्र संचालन गर्ने जनशक्ति र दफा ७ बमोजिम पूर्वाधार भएको । | **क**: कानुन व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएको ।<br>**ख**: नेपाली नागरिक<br>**ग**: प्रचालित कानून बमोजिम स्थायी लेखा नं लिएको ।<br>**घ**: सेवा केन्द्र संचालनको लागि दफा (७) बमोजिम भौतिक पूर्वाधार भएको । | **क**: प्रयोगकर्ता नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको ।<br>**ख**: आफ्नो नाममा भएको जग्गा कित्ता विवरण भू-सूचना प्रणालीमा अध्यावधिक भएको तर भू-सुचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेष्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचान मा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्ने छ ।<br>मालपोत अधिकृत |

भू-सेवा केन्द्र संचालनको लागी चाहिने पूर्वाधार

क. कम्प्युटर
ख. प्रिन्टर
ग. पावर ब्याकप सिस्टम
घ. स्क्यानर
ङ. भू सुचना परणली सँग कम्प्याटिवल हुने वायोमेट्रिक डिभाइस ,वेव क्यामरा तथा दस्तखत मेशिन र
च. Internet Connectivity कम्तीमा २।२ Mbps को Dedicated Line भएको।

अनुमती पत्रको दस्तुर अवधी तथा नविकरण सम्बन्धी व्यवस्था

१. साधारण प्रयोगकर्ता ले युजर एकाउन्ट खोज्नका लागि सम्बन्धित कार्यालयमा ५००। ( पाँच सय) रुपैया दस्तुर बुझाउनु पर्ने छ र प्रत्येक (१०) दश बर्षमा नविकरणका लागि १००। (एक सय रुपैया) दस्तुर बुझाउनु पर्ने छ ।
२. साधारण प्रयोगकर्तालेे युजर एकाउन्ट नवीकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा उक्त प्रयोगकर्ताको पहुँच स्वतः निष्कृय हुनेछ ।
३. भू सुचना केन्द्र सम्बन्धी अनुमती पत्र लिने देहाय बमोजिम को दस्तुर लाग्ने छ ।

क. व्यक्तिको हकमा ३०००। (तिन हजार रुपैया )
ख. संस्थाको हकमा ५०००। ( पाँच हजार रुपैया )
उक्त दस्तुर को.ले.नि.का सुनसरीको राजश्व खाता नम्बर १०००२०००१०००० राजश्व शिर्षक १४२२९अन्य प्रशासनिक सेवा शुल्कमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

४. भू-सेवा केन्द्र संचालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले राष्ट्रिय वाणिज्य बैंक लि. इनरुवा सुनसरी।को.ले.नि.का सुनसरीको खाता नं २२२०१००१०२०३०००० मा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गरी सोको भौचर पेश गर्नुपर्ने छ। बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एकमहिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिम को रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ ।
क. व्यक्तिको हकमा ५०,०००। (पचास हजार रुपैया)
ख. संस्थाकोहकमा २,००,०००। (दुई लाख रुपैया)
ग.स्थानीय तहलाइ भू-सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

५. भू-सेवा केन्द्र संचालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।
६. बैंक तथा वित्तिय संस्था,सरकारी कर्मचारी सञ्चयकोष नागरिक लगानीकोष जस्ता संस्थाहरुको धितोबन्धक।रोक्का र फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको भूमिसुधार तथा मालपोत कार्यालय, मालपोत कार्यालय अनलाईन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछी आवश्यकतानुसार वा आफ्ना शाखा कार्यालयहरूलाई युजर वितरण गर्न सक्नेछ ।
७. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरू भू-सेवा केन्द्र सञ्चालन निर्देशिका,२०७६ संशोधन सहित बमोजिम हुनेछ ।